नेपाल कम्युनिष्ट पार्टी
(एकीकृत मार्क्सवादी-लेनिनवादी)
केन्द्रीय कार्यालय
धुम्बाराही, काठमाडौं

पत्र संख्या .........................

# अन्तरपार्टी निर्देशन- ८

नेकपा (एमाले) केन्द्रीय कमिटीको आठौं बैठक अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा २०७४ असोज ६-८ मा सम्पन्न भएको छ । बैठकले वर्तमान राष्ट्रिय राजनीतिक परिस्थितिको बारेमा गहन विश्लेषण गर्दै तत्काल गर्नु पर्ने कामका सम्बन्धमा आवश्यक निष्कर्ष निकालेको छ । त्यसैगरी केन्द्रीय कमिटीको बैठकले दिएको जिम्मेवारी अनुरुप असोज १० गते बसेको स्थायी कमिटीको ८१ औं बैठकले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनका सन्दर्भमा महत्वपूर्ण निर्णयहरु गरेको छ । केन्द्रीय कमिटी र स्थायी कमिटीबाट भएका महत्वपूर्ण निर्णयहरुलाई जानकारी र कार्यान्वयनका लागि यस अन्तरपार्टी निर्देशनमार्फत् सम्प्रेषित गरिएको छ । निर्देशनलाई तदारुकता र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु हुन सबै कमरेडहरुलाई निर्देशित गरिन्छ ।

## १. राजनीतिक प्रतिवेदन

केन्द्रीय कमिटी बैठक समक्ष अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । प्रतिवेदनमा केन्द्रीय कमिटीको सातौं बैठकपछिका एक वर्षको अवधिमा भएका संविधान संशोधन प्रयाशका विरुद्ध सङ्घर्ष, संविधान कार्यान्वयनका लागि जनपरिचालन अभियान, मेची-महाकाली राष्ट्रिय अभियान, स्थानीय तह निर्वाचन, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको तयारी, महाअभियोग र सङ्गठनात्मक पुनर्संरचना तथा विद्यमान सङ्गठनात्मक अवस्था लगायत महत्वपूर्ण बिषयमा समिक्षा गरिएको छ । राष्ट्रिय राजनीतिक शक्ति सन्तुलनको विद्यमान स्थितिको मूल्याङ्कन गर्दै प्रतिवेदनले स्थानीय निर्वाचनपछि हाम्रो पार्टी राष्ट्रिय राजनीतिको पहिलो शक्ति बनेको र मुलुकको राजनीतिक शक्ति सन्तुलन श्रमजीवी वर्गको पक्षमा अनुकूल बन्दै गएको निष्कर्ष निकालेको छ । आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पार्टीको स्पष्ट बहुमत हासिल गर्ने लक्ष्य किटान गर्दै बैठकले निर्वाचनको तयारीलाई सम्पूर्ण कामको केन्द्रबिन्दु निर्धारण गरेको छ ।

बैठकले विभिन्न आठवटा समूहमा प्रतिवेदनमाथि गहन छलफल गरी सुझावसहित प्रतिवेदन पारित गरेको छ । प्रतिवेदन तथा बैठकबाट पारित प्रस्तावहरु यसैसाथ सङ्लग्न गरिएको छ ।

## २. प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको तयारी

क) उम्मेदवार सिफारिस, छनोट प्रक्रिया तथा समयतालिका

- यही असोज १६ र १७ गते प्रदेशसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी र प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीको बैठक बसी सकभर सर्वसम्मत, त्यसो हुन नसके न्युनतम एकजना महिला सहित ३ जनाको वर्णानुक्रमानुसारको नाम प्रत्यक्ष निर्वाचनको उम्मेदवारको लागि जिल्ला कमिटीमा सुझावका रुपमा प्रस्तुत गर्ने ।

- यही असोज १९ र २० गते जिल्ला कमिटीको बैठक बसी प्रदेशसभा निर्वाचन क्षेत्रीय समान्वय कमिटी तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीहरुबाट प्राप्त सुझाव समेतका आधारमा छलफल गरी सकभर सर्वसम्मत, त्यसो हुन नसके न्युनतम एकजना महिला सहित ३ जनाको वर्णानुक्रमानुसारको नाम प्रत्यक्ष निर्वाचनको उम्मेदवारको लागि प्रदेश संगठन कमिटीमा रायका रुपमा प्रस्तुत गर्ने ।
- एउटा मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनको उम्मेदवारको लागि सकभर सर्वसम्मत, त्यसो हुन नसके न्युनतम एकजना महिला सहित ३ जनाको वर्णानुक्रमानुसारको नाम जिल्ला कमिटीले प्रदेश कमिटी समक्ष सुझाव र रायका रुपमा प्रस्तुत गर्ने ।
- प्रत्येक जिल्ला कमिटीबाट त्यस जिल्लामा कायम रहेको प्रतिनिधिसभाको कूल निर्वाचन क्षेत्र गुणान ३ गर्दा हुन आउने संख्यामा न्यूनतम एक तिहाई महिला हुनेगरी प्रतिनिधिसभाका समानुपातिक उम्मेदवारहरुका सम्बन्धमा प्रदेश संगठन कमिटी समक्ष राय पठाउने ।

  त्यसैगरी प्रत्येक जिल्ला कमिटीबाट त्यस जिल्लामा कायम रहेको प्रदेशसभाको कूल निर्वाचन क्षेत्र गुणान ३ गर्दा हुन आउने संख्यामा न्यूनतम एक तिहाई महिला हुनेगरी प्रदेशसभाका समानुपातिक उम्मेदवारहरुका सम्बन्धमा प्रदेश संगठन कमिटी समक्ष राय पठाउने ।

- असोज २२ र २३ गते प्रदेश संगठन कमिटीको बैठक बसी प्रदेशसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीहरुका सुझाव र जिल्ला कमिटीहरुका राय समेतका आधारमा स्थायी कमिटी समक्ष निम्नानुसार सिफारिस प्रस्तुत गर्ने ।

  १. प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनको उम्मेदवारको लागि सकभर सर्वसम्मत, त्यसोहुन नसके न्युनतम एकजना महिला सहित ३ जनाको वर्णानुक्रमानुसारको नाम स्थायी कमिटी समक्ष शिफारिस पठाउने ।
  २. अलग-अलग जिल्लाका आधारमा त्यस जिल्लामा कायम रहेको प्रतिनिधिसभाको कूल निर्वाचन क्षेत्र गुणान ३ गर्दा हुन आउने संख्यामा न्यूनतम एक तिहाई महिला हुनेगरी प्रतिनिधिसभाका समानुपातिक उम्मेदवारहरुका सम्बन्धमा स्थायी कमिटी समक्ष राय पठाउने ।
  ३. अलग-अलग जिल्लाका आधारमा त्यस जिल्लामा कायम रहेको प्रदेशसभाको कूल निर्वाचन क्षेत्र गुणान ३ गर्दा हुन आउने संख्यामा न्यूनतम एक तिहाई महिला हुनेगरी प्रदेशसभाका समानुपातिक उम्मेदवारहरुका सम्बन्धमा स्थायी कमिटी समक्ष राय पठाउने ।

- असोज २६ र २७ गते स्थायी कमिटीको बैठक बसी क्षेत्रीय समन्वय कमिटी, जिल्ला कमिटी तथा प्रदेश सङ्गठन कमिटीहरुबाट प्रत्यक्ष तथा समानुपातिक तर्फका उम्मेदवारका सम्बन्धमा प्राप्त सुझाव, राय र सिफारिस समेतलाई आधार मानी उम्मेदवारको अन्तिम निर्णय गर्ने ।
- यही असोज २९ गते पार्टी केन्द्रका तर्फबाट समानुपातिक उम्मेदवारको सूचि निर्वाचन आयोग समक्ष पेश गरिनेछ ।
- प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्रीय कमिटी, जिल्ला कमिटी र प्रदेश संगठन कमिटीले उम्मेदवारको नामावली पठाउँदा बैठकको निर्णय पुस्तिकाको फोटोकपि समेत प्रमाणित गरेर पठाउनुपर्नेछ ।

- समानुपातिक उम्मेदवारको नामसँगै निजको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मतदाता नामावलीको क्रम संख्या र हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो संलग्न गरि पठाउनुपर्ने छ ।

ख) प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारका लागि मापदण्ड

- पार्टीप्रति प्रतिवद्ध, निष्ठावान, अनुशासित तथा पार्टीको विधि र संस्थागत प्रणाली ईमान्दारीतापूर्वक अनुसरण गर्ने ।
- भ्रष्टाचार, नैतिक पतन देखिने र सार्वजनिक प्रतिष्ठामा आँच आउने कुनै काममा संलग्न नभएको, असल, आचरणयुक्त । पार्टीलाई बुझाउनुपर्ने लेबि, सदस्यता शुल्क नियमित रुपमा बुझाउँदै आएको ।
- जनतामाझ लोकप्रिय, जनसेवी, जनतासँग घुलमिल हुन र सामाजिक समस्याहरु समाधानमा सकारात्मक भूमिका खेल्न सक्ने । निर्वाचनमा विजयलाई सुनिश्चित गर्न सक्ने ।
- संसदीय विषयवस्तुमा राम्रो रुचि, सहि दृष्टिकोण, ज्ञान र क्षमता भएको ।
- समावेशीता, सामाजिक तथा भौगोलिक सन्तुलनको पक्षलाई ध्यान दिने ।
- स्थानीय निर्वाचनमा बागी बिद्रोही भएको, पार्टीलाई असहयोग गरेको तथा विवादास्पद भूमिका भएकालाई उम्मेदवारी नदिने ।
- स्थानीय तहको निर्वाचनमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यको उम्मेदवार बनेकाहरु पुनः उम्मेदवार बन्ने छैनन् । यस अघि संविधानसभामा समानुपातिक सदस्यका रुपमा रहेकाहरुलाई पुनः समानुपातिक उम्मेदवार बनाइने छैन । उपयुक्त विकल्प नरहेको स्थितिमा स्थानीय निर्वाचनमा उम्मेदवार बनेर पराजित भएका महिलाहरुलाई भने विशेष परिस्थितिमा उम्मेदवार बनाउन सकिनेछ ।
- एकजनाका लागि एकमात्र तह र प्रणाली (प्रतिनिधिसभा र प्रदेशसभामा, प्रत्यक्ष वा समानुपातिक) मा मात्रै उम्मेदवारमा सिफारिस गर्नुपर्ने छ । पार्टी केन्द्रले आवश्यकता अनुसार उम्मेदवारहरुको पुनर्व्यवस्थापन गर्न सक्नेछ ।

## ३. पूर्वी रुकुम जिल्ला सङ्गठन कमिटीका सम्बन्धमा

प्रदेश विभाजनका क्रममा रुकुम जिल्ला पूर्वी रुकुम र पश्चिम रुकुम गरी दुई भागमा बाँडिएकोले ५ नं प्रदेशमा पर्ने पूर्वी रुकुम जिल्लामा कमरेड सेतमान पुनको संयोजकत्वमा पूर्वी रुकुम जिल्ला सङ्गठन कमिटी गठन गरिएको छ । कमरेड नन्दलाल शर्मालाई ६ नं प्रदेश सङ्गठन कमिटीको सदस्यबाट मुक्त गरी ५ नं प्रदेश सङ्गठन कमिटीको सदस्यमा मनोनयन गरिएको छ ।

## ४. जिल्ला इन्जार्ज सम्बन्धमा

कमरेड दलबहादुर रानालाई प्युठान, कमरेड बैजनाथ चौधरीलाई रोल्पा, कमरेड खिमलाल भट्टराईलाई गुल्मी र कमरेड खेममान खड्कालाई पूर्वी रुकुमको इन्चार्जको जिम्मेवारी तोकिएको छ ।

## ५. प्रतिनिधिसभा निर्वाचनको घोषणापत्र सम्बन्धमा

प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीको घोषणा पत्र स्थायी कमिटीले तयार गरी जारी गर्नेछ ।

## ६. मनोनयन पत्रमा हस्ताक्षरको अख्तियारी सम्बन्धमा

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार हुने व्यक्तिहरुको आधिकारिक मनोनयन पत्रमा पार्टीको तर्फबाट हस्ताक्षर गर्ने अख्तियारी अध्यक्ष केपी शर्मा ओलीमा रहने निर्णय गरिएको छ ।

## ७. सदस्यता प्रदान तथा जिम्मेवारी निर्धारण

विभन्न राजनीतिक दल तथा समुहहरुबाट पार्टी प्रवेश गर्नुभएका कमरेडहरुलाई पार्टी सदस्यता प्रदान गर्नुका साथै केही कमरेडहरुलाई पार्टी कामको जिम्मेवारी तोकिएको छ । पार्टी केन्द्रबाट सदस्यता प्रदान गर्नुपर्ने र कामको जिम्मेवारी दिनुपर्ने बाहेक अन्य सबै नवप्रवेशी कमरेडहरुको विवरण पार्टी सदस्यता र पार्टी कामको जिम्मेवारीका सम्बन्धमा उपयुक्त निर्णय गर्ने निर्देशन सहित प्रदेश संगठन कमिटीहरु मार्फत जिल्ला कमिटीहरुलाई पठाईएको छ ।

उपरोक्त निर्णयहरुको प्रभावकारी र शीघ्र कार्यान्वयनका लागि पुनः आग्रह गरिएको छ ।

**केपी शर्मा ओली**
अध्यक्ष

*असोज १३, २०७४*